ए.वि.बैं.

# तपाई आवाज उठाउन सक्नु हुन्छ

## एशियाली विकास बैङ्कको निरिक्षण प्रकृया

एशियाली विकास बैङ्कको आयोजनाहरुबाट
प्रभावित भएका समुदायहरुको लागि

एशियाली विकास बैङ्क

## एशियाली विकास बैङ्कको निरिक्षण नीति भनेको के हो ?

एशियाली विकास बैङ्कको निरिक्षण नीति भनेको बैङ्कले आफ्नो नीतिको अवलम्बन नगरेबाट एशियाली विकास बैङ्कको कुनै आयोजनाले तपाईलाई पुऱ्याई रहेको वा पुऱ्याउन सक्ने नोक्सानको सन्दर्भमा एशियाली विकास बैंकमा उजुरी हाल्ने उपाय हो ।

यस नीतिको एक अङ्गको रुपमा एशियाली विकास बैङ्कमा ६ जना सञ्चालक सदस्य रहेको एउटा निरिक्षण समिति रहेको छ जसले निरिक्षण अनुरोधहरुको पुनरावलोकन गर्छ र आयोजनाको निरिक्षण गर्नु पर्ने नपर्ने विषयमा सञ्चालक समितिलाई सुझाव दिन्छ । आयोजनाको निरिक्षण गरिएमा, तीन स्वतन्त्र विशेषज्ञहरुले उक्त निरिक्षण गर्नेछन् ।

## आयोजनाको निरिक्षणको लागि कस्ले अनुरोध गर्न वा सिकायत गर्न सक्छ ?

यदि तपाई एशियाली विकास बैङ्कको आयोजनाबाट प्रभावित भएको वा हुने क्षेत्रमा बसोवास गरेको समुदाय, समुह वा संगठन हुनु हुन्छ भने निरिक्षणको लागि अनुरोध गर्न वा सिकायत गर्न सक्नु हुन्छ ।

यदि तपाईलाई निरिक्षणको लागि अनुरोध वा सिकायत गर्नको लागि सहयोग चाहिन्छ भने आयोजना क्षेत्र भन्दा बाहिरको अर्को समूहसंग सहयोग माग्न सक्नु हुन्छ । तपाईले यसो गर्नु भएमा तपाईलाई सहयोग गर्ने उक्त समुहले तपाईको प्रतिनिधित्व गर्दछ भन्ने पत्र बैङ्कलाई पठाउनु पर्नेछ ।

## तपाई कसरी आयोजनाको निरिक्षणको लागि अनुरोध गर्न वा सिकायत गर्न सक्नु हुन्छ ?

यसको लागि मुख्य दुई उपायहरु छन् :-

१ आयोजनाको विषयमा सिकायत गर्न एशियाली विकास बैङ्कको अध्यक्षलाई पत्र लेख्नुहोस् (हेर्नुहोस फारम १) । तपाईको पत्रमा निम्न विषयहरु समावेश हुनु पर्नेछ :

- आयोजनाको नाम
- आयोजना तयार गर्दा वा कार्यान्वयन गर्दा एशियाली विकास बैङ्कको नीति वा कार्यविधिहरुको अनुसरण एशियाली विकास बैङ्कले गरे नगरेको व्यहोरा
- एशियाली विकास बैङ्कले आफ्नो नीति तथा कार्यविधिहरु अनुसरण गर्न असफल भएको कारणबाट आयोजनाले तपाईलाई पारेको नोक्सानको व्यहोरा ।

२ एशियाली विकास बैङ्कले तपाईलाई प्रत्युत्तर पठाउने छ । यदि उक्त उत्तरसंग तपाई सन्तुष्ट हुनु हुन्न र तपाई अझ पनि आयोजनाको निरिक्षण होस भन्ने चाहनु हुन्छ भने एशियाली विकास बैङ्कको निरिक्षण समितिमा निरिक्षणको लागि अनुरोध पठाउनु होस् (हेर्नुहोस फाराम २) । तपाईको पत्रले एशियाली विकास बैङ्कको व्यवस्थापन समक्ष तपाईको शिकायतको विस्तृत बिवरण र बैंङ्कको प्रत्युत्तरसंग तपाई किन सन्तुष्ट हुनु हुन्न भन्ने विषयलाई खुलाएको हुनु पर्नेछ ।

## कस्ता आयोजनाहरूको निरिक्षण गर्न सकिन्छ ?

- एशियाली विकास बैङ्कको सार्वजनिक क्षेत्रका ऋण जमानत र प्राविधिक अनुदान सहयोगबाट लगानी गरिएको आयोजनाहरु
- यी आयोजनाहरु तैयारी गरिरहेको वा कार्यान्वयन अवस्थामा रहेको हुनै पर्छ (९५% भन्दा कम सम्पन्न भएको)

## कुन कुन कुराहरूको निरिक्षण गर्न सकिदैन ?

- एशियाली विकास बैंङ्क बाहेक अन्य निकायबाट भएका कार्यहरु (उदाहरणको लागि सरकारको श्रोतबाट मात्र)
- आयोजनाको खरिद कार्य तथा परामर्शदाताहरुको छनौट बारे गरिएका निर्णयहरु
- सम्पन्न वा अधिकांश सम्पन्न (९५%) भैसकेका आयोजनाहरु
- निरिक्षण नीति अन्तर्गत पहिलेनै छनौट गरिसकिएका आयोजनाहरु
- एशियाली विकास बैंङ्कको नीति तथा कार्यविधिहरु
- एशियाली विकास बैंङ्कको नीजि क्षेत्रगत कार्यक्रम
- एशियाली विकास बैंङ्कको कर्मचारी वा प्रशासनिक निर्णयसंग सम्बन्धित विषयहरु

## तपाईले त्यस पछि के गर्नु पर्छ ?

एशियाली विकास बैंङ्कको निरिक्षण नीतिको बारेमा थप जानकारी लिनको लागि नजिकको एशियाली विकास बैंङ्कको आवासिय नियोगबाट बैंङ्कको निरिक्षण नीति : एक निर्देशिकाको प्रति माग्नु होस् । बैंङ्कको आवासिय नियोगको नामावली यसै पेजको पछाडि पट्टि रहेको छ । तपाईले हाम्रो वेभ साइटबाट समेत निर्देशिकाको प्रति प्राप्त गर्न सक्नु हुन्छ । तपाइले थप जानकारीका लागि बैंङ्को निरिक्षण समितिको सचिव, जिल डि्लोनलाई पत्र लेख्न सक्नु हुन्छ। उहाँको पत्राचार र इमेल ठेगाना यस प्रकार छ :

सचिवको कार्यालय
एशियाली विकास बैंङ्क
पो.व.नं. ७८९
०९८० मनिला फिलिपिन्स

टेलिफोन: (६३२) ६३२ ४४४४
फ्याक्स: (६३२) ६३६ २४८१
ईमेल: inspection@adb.org
वेभसाइट: http://www.adb.org/inspection

फाराम - १

# व्यवस्थापन समक्ष उजुरी

मितिः ____________________

श्रीमान् अध्यक्षज्यू,
एशियाली विकास बैंक
पो.व.नं. ७८९
०९८० मनिला, फिलिपिन्स ।

प्रिय अध्यक्षज्यू,

______________________________________________________________ (ठाउँको वर्णन) मा बस्ने हामी ______________________________________________________________ (समूहको नाम) तपाईको ध्यानाकर्षणको लागि निम्न लिखित सरोकारका विषयहरु ल्याउन चाहन्छौ ।

१. एशियाली विकास बैंङ्कले ________________________________________ आयोजनाको नाम तथा संक्षिप्त बिवरण) आयोजनामा लगानी गर्ने प्रस्ताव गरिरहेको छ । लगानी गरिरहेको छ ।

२. हामी______________________________________________________________
______________________________________________________________
(समूहको संक्षिप्त बिवरण र यसको अधिकार तथा चाहना) हौ ।

३. हामीलाई अवगत छ कि एशियाली विकास बैंङ्कले निम्न लिखित कार्य नीति र/वा कार्यविधिहरु अपनाएको छ ( एशियाली विकास बैंकको कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएका समेत) उल्लेख वा वर्णन गर्ने

______________________________________________________________

______________________________________________________________

४. हामी विश्वास गर्छौ कि एशियाली विकास बैंङ्कले यी नीति/कार्यविधिहरुको उल्लंघन गरेको छ/गरिरहेको छ (एशियाली विकास बैङ्को कुन कार्य वा छुट कार्यले सो उल्लंघन भएको हो सो उल्लेख गर्ने)

______________________________________________________________

______________________________________________________________

५. एशियाली विकास बैंङ्को सो कार्यबाट हाम्रो अधिकार/हित माथि नराम्रो नोक्सान/असर भएको/हुन लागेको भन्ने हामीलाई महशुस भएको छ । यी नोक्सानहरु यस प्रकार छन् (नोक्सान वर्णन गर्ने)

______________________________________________________________

______________________________________________________________

हामी अनुरोध गर्छौ कि बैंङ्क व्यवस्थापनले यो उजुरी माथि पुनरावलोकन गरी हामीलाई लिखित जवाफ देओस् ।

भवदीय
(समूहको नाम)
(सम्पर्क ठेगाना)
(सही)

फाराम २

# निरिक्षणको लागि अनुरोध

मिति:______________

सञ्चालक समितिको निरिक्षण समिति
मार्फत: सचिवको कार्यालय, एशियाली विकास बैङ्क
पो.व.नं. ७८९, ०९८० मनिला, फिलिपिन्स ।

समितिका प्रिय सदस्यज्यूहरु,

______________________________(ठाउँको वर्णन) मा बस्ने हामी
______________________________ (समूहको नाम) तपाईको ध्यानाकर्षणको लागि
निम्न लिखित सरोकारका विषयहरु राख्न चाहन्छौ ।

१. एशियाली विकास बैङ्कले ______________________(आयोजनाको नाम तथा संक्षिप्त बिवरण) आयोजनामा लगानी गर्ने प्रस्ताव गरिरहेको छ । लगानी गरिरहेको छ ।

२. हामी__________________ (समूहको संक्षिप्त बिवरण र यसको अधिकार तथा चाहना) हौ ।

३. हामीलाई जानकारी छ कि एशियाली विकास बैङ्कको निम्न लिखित कार्य नीति र/वा कार्यविधिहरु छन्

______________________________

(एशियाली विकास बैंकको कार्य सञ्चालन निर्देशिकामा उल्लेख भएका समेत) उल्लेख वा वर्णन गर्ने

४. हामी विश्वास गर्छौ कि एशियाली विकास बैङ्कले यी नीति/कार्यविधिहरुको उल्लंघन गरेको छ/गरिरहेको छ

______________________________

(एशियाली विकास बैङ्कको कुन कार्य वा छुट कार्यले सो उल्लंघन भएको हो सो उल्लेख गर्ने)

५. एशियाली विकास बैङ्कको सो उल्लंघन गर्ने कार्यबाट हाम्रो अधिकार/हित माथि नराम्रो नोक्सान/असर भएको/हुन लागेको भन्ने हामीलाई लागेको छ । यी नोक्सानहरु यस प्रकार छन् (नोक्सान वर्णन गर्ने)

______________________________

______________________________

६. मिति ______________ को हाम्रो पत्रमा हामीले एशियाली विकास बैङ्क व्यवस्थापन समक्ष हाम्रा केही सरोकारका बुंदाहरु उठाएका थियौं (प्रतिलिपि संलगन गर्ने) । व्यवस्थापनले मिति को पत्रद्वारा त्यसको जवाफ प्रदान गरेको थियो (प्रतिलिपि संलग्न गर्ने) ।

७. एशियाली विकास बैंकको व्यवस्थापनले दिएको जवाफ अपर्याप्त छ भन्ने हामीलाई लागेको छ किनभने (वर्णन गर्ने)

______________________________

______________________________

एशियाली विकास बैङ्कले आफ्ना कार्यनीति तथा कार्यविधिहरुको अनुसरण गर्न नसकेको कारणबाट हामीलाई ठूलो नोक्सान परेको/परी रहेको छ भन्ने हामीलाई विश्वास लागेको छ, । अत: परियोजनामा बैङ्कको भुमिकाको स्वतन्त्र पुनरावलोकनको लागि निरीक्षण समितिले बैङ्कको सञ्चालक समितिलाई सिफारिस गरोस् भनी हामी अनुरोध गर्दछौ ।

भवदीय
(समूहको नाम)
(सम्पर्क ठेगाना)
(सही)

## एशियाली विकास बैङ्कको आवासिय नियोग

नेपाल आवासिय मिशन (एन.आर.एम.)
श्रीकुञ्ज कमलादी वार्ड नं. ३१
पो.व.नं. ५०१७ के.डी.पी.ओ.
व्लक २/५९७, काठमाण्डौ महानगरपालिका
टेलिफोन नं. (९७७-१)२२७७७९/२२७७८४/२२०३०५/२२९०९१
फ्याक्स : (९७७-१)२२५०६३
ईमेल ठेगाना : adbnrm@adb.org

# एशियाली विकास बैङ्कको निरिक्षण प्रकृयाको सारांश*

१ एशियाली विकास बैङ्कको आयोजनाको सम्बन्धमा प्रभावित समूह वा सञ्चालक सदस्यले उजुरी गर्दछ ।
२ एशियाली विकास बैङ्कको व्यवस्थापनले ४५ दिन भित्र उजुरीको प्रत्युत्तर दिन्छ ।
३ उजुरी तथा प्रत्युत्तरको एक प्रति निरिक्षण समितिमा पठाइन्छ (समिति) ।
४ यदि व्यवस्थापनको प्रत्युत्तरबाट सन्तुष्ट नभएमा प्रभावित समूहले समिति समक्ष निरिक्षणको लागि अनुरोध पठाउँछ ।
५ उजुरी कपोकल्पित वा चित नबुझ्ने खालको छ भन्ने समितिलाई लागेको अवस्था बाहेकमा समितिले व्यवस्थापनसंग ३० दिन भित्र अनुरोधको प्रतिउत्तर पठाउन निर्देशन दिनेछ । समितिले अनुरोधकर्ता वा व्यवस्थापनसंग थप जानकारी माँग गर्न सक्नेछ ।
६ अनुरोध माथि व्यवस्थापनबाट प्रत्युत्तर प्राप्त गरेको १४ दिन भित्र समितिले संचालक समिति समक्ष निरिक्षण आवश्यक भए नभएको बारे सुझाव दिन्छ । यदि निरिक्षण आवश्यक नपर्ने विश्वास लागेमा समितिले आफ्नो सुझाव प्रस्तुत गर्नु अघि अनुरोध कार्यका लागि छानिएका विशेषज्ञहरुको नामावली मध्येका एक सदस्यसंग परामर्श गर्नु पर्छ (अनुरोध पूर्णत कपोकल्पित वा अग्राह्य भएको अवस्था बाहेकमा)
७ सञ्चालक समितिले निरिक्षणको लागि अधिकार प्रदान गर्ने नगर्ने बारे २१ दिन भित्र निर्णय गर्दछ ।
८ सञ्चालक समितिको बैठकको ७ दिन भित्र समितिले अनुरोधकर्तालाई सञ्चालक समितिको निर्णयको जानकारी गराउछ ।
९ यदि निरिक्षणको लागि अधिकार दिइएमा समितिले विशेषज्ञहरुको नामावलीबाट ३ जना विशेषज्ञहरुको एक समूह छान्दछ, समूहलाई कार्यक्षेत्र उपलव्ध गराउछ र देश भित्र निरिक्षणको लागि सम्बन्धित सरकारको स्वकिृति प्राप्त गर्दछ ।
१० समूहले निरिक्षण कार्य सम्पन्न गर्दछ र समिति समक्ष प्रतिवेदन पेश गर्दछ ।
११ समितिले व्यवस्थापनलाई समूहको प्रतिवेदन दिन्छ र ३० दिन भित्र प्रतिवेदन माथि प्रत्युत्तर उपलव्ध गराउन भन्नेछ ।
१२ व्यवस्थापनबाट प्रत्युत्तर प्राप्त गरेको १४ दिन भित्र समितिले सुझाव सहित संचालक समिति समक्ष आफ्नो समूहको प्रतिवेदन र व्यवस्थापनको प्रतिकृया प्रस्तुत गर्दछ ।
१३ प्रतिवेदन प्राप्त गरेको २१ दिन भित्र संचालक समितिले निर्णय गर्दछ ।
१४ संचालक समितिको निर्णयको ७ दिन भित्र समितिले अनुरोधकर्तालाई संचालक समितिको निर्णयको जानकारी गराउछ र समूहको प्रतिवेदन, व्यवस्थापनको प्रत्युत्तर र समितिको सुझावको प्रतिहरु उपलव्ध गराउछ ।
१५ निरिक्षण गरिएको आयोजनाको सम्बन्धमा व्यवस्थापनले उपयुक्त कार्यवाही गर्दछ ।

** निर्देशिका र निरिक्षण कार्यविधिमा निरिक्षण प्रकृयाको विस्तृत बिवरण उपलव्ध गराइएको छ ।*